# नमोबुद्ध क्षेत्र विकास समिति (गठन) आदेश, २०८२

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

बागमती प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालय

हेटौंडा, नेपाल

# नमोबुद्ध क्षेत्र विकास समिति (गठन) आदेश, २०८२

**प्रदेश राजपत्रमा प्रकाशित मिति**

२०८२।१०।१५

**प्रस्तावनाः** धार्मिक, ऐतिहासिक, सांस्कृतिक, सामाजिक, आर्थिक, पुरातात्त्विक तथा प्राकृतिक दृष्टिकोणबाट महत्त्वपूर्ण रहेको नमोबुद्ध क्षेत्रको संरक्षण, सम्बर्द्धन, प्रवर्द्धन तथा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा पहिचान अभिवृद्धि तथा पर्यटकीय गन्तव्यको रूपमा विकास गर्नका लागि उक्त क्षेत्रबाट उपलब्ध स्रोत साधनको संरक्षण परिचालन, सञ्चालन तथा व्यवस्थापन गर्न वाञ्छनीय भएकोले,

प्रदेश पर्यटन ऐन, २०७८ को दफा ४४ ले दिएको अधिकार प्रयोग गरी बागमती प्रदेश सरकारले देहायको आदेश जारी गरेको छ।

## परिच्छेद- १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस आदेशको नाम "नमोबुद्ध क्षेत्र विकास समिति (गठन) आदेश, २०८२" रहेको छ।

(२) यो आदेश राजपत्रमा प्रकाशन भएको मितिदेखि लागु हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आदेशमा,-

(क) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ।

(ख) "ऐन" भन्नाले प्रदेश पर्यटन ऐन, २०७८ सम्झनु पर्छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(ग) "कार्यकारी निर्देशक" भन्नाले दफा (९) बमोजिम नियुक्त कार्यकारी निर्देशक सम्झनु पर्छ।

(घ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस आदेश अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ङ) "नमोबुद्ध क्षेत्र" भन्नाले देहायका क्षेत्रहरु सम्झनु पर्छः-

(१) पूर्व चापा भन्ज्याङ्,

(२) पश्चिम सिंङ्गभैरब,

(३) उत्तर तैचे खोला र

(४) दक्षिण किसान पोखरी दर्ज्यू गाड्ने डाँडा नमोबुद्ध न.पा. वडा नं. १ को सिमाना गरी जम्मा १००० रोपनीमा फैलिएको क्षेत्र।

(च) "प्रदेश" भन्नाले बागमती प्रदेश सम्झनु पर्छ।

(छ) "प्रदेश सरकार" भन्नाले बागमती प्रदेशको मन्त्रिपरिषद्लाई सम्झनु पर्छ।

(ज) "मन्त्रालय" भन्नाले प्रदेशको संस्कृति तथा पर्यटन सम्बन्धी विषय हर्ने मन्त्रालय सम्झनु पर्छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(झ) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले अध्यक्ष र सदस्य-सचिव समेतलाई जनाउँछ।

(ञ) "समिति" भन्नाले दफा ३ बमोजिम गठित नमोबुद्ध क्षेत्र विकास समिति सम्झनु पर्छ।

## परिच्छेद- २

## <u>समितिको गठन, काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था</u>

३. **<u>नमोबुद्ध क्षेत्र विकास समितिको गठनः</u>** (१) नमोबुद्ध क्षेत्रको सामाजिक, आर्थिक, आध्यात्मिक, धार्मिक, साँस्कृतिक, ऐतिहासिक तथा प्राकृतिक दृष्टिकोणबाट विकास गर्न नमोबुद्ध क्षेत्र विकास समिति नामक एक समितिको गठन हुनेछ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहायका सदस्यहरु रहनेछन्ः-

(क) प्रदेश सरकारले तोकेको व्यक्ति -अध्यक्ष

(ख) कार्यालय प्रमुख, पर्यटन कार्यालय काठमाडौं, बागमती प्रदेश -सदस्य

(ग) प्रतिनिधि, जिल्ला समन्वय समिति, काभ्रेपलाञ्चोक -सदस्य

(घ) प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय, काभ्रेपलाञ्चोक -सदस्य

(ङ) प्रतिनिधि, गुठी संस्थान



आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

कार्यालय, काभ्रेपलाञ्चोक -सदस्य

(च) नमोबुद्ध नगरपालिका वडा नं. १ बाट निर्वाचित वडा अध्यक्ष -सदस्य

(छ) नमोबुद्ध नगरपालिका वडा नं.११ बाट निर्वाचित वडा अध्यक्ष -सदस्य

(ज) स्थानीय बुद्धिजीवि, समाजसेवी, धार्मिक तथा सांस्कृतिक क्षेत्रका अनुभवी मध्येबाट मन्त्रालयले मनोनयन गरेको व्यक्ति १ जना -सदस्य

(झ) प्रदेश लेखा इकाई कार्यालय, काठमाडौंको अधिकृत प्रतिनिधि -सदस्य

(ञ) कार्यकारी निर्देशक -सदस्य सचिव

(३) अध्यक्ष र उपदफा (२) को खण्ड (ज) बमोजिम मनोनित भएका सदस्यको पदावधि बढिमा दुई वर्षको हुनेछ र कार्य सम्पादन सन्तोषजनक भएमा बढिमा एक कार्यकाल थप गर्न सकिने छ।

(४) समितिले आवश्यकता अनुसार अन्य स्वदेशी वा विदेशी व्यक्तिहरुलाई समितिको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(५) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि अध्यक्ष वा मनोनित सदस्यको कार्यसम्पादन सन्तोषजनक नभएमा वा इमान्दारीपूर्वक आफ्नो पदीय दायित्व पूरा नगरेमा अध्यक्षलाई प्रदेश सरकार र सदस्यलाई मन्त्रालयले जुनसुकै बखत पदबाट हटाउन सक्नेछ।

तर यसरी पदबाट हटाउनुअघि निजलाई आफ्नो सफाई पेस गर्ने मनासिब मौका दिनु पर्नेछ।

४. **सदस्यको योग्यताः** देहाय बमोजिमको योग्यता पुगेको व्यक्ति अध्यक्ष वा सदस्य पदमा मनोनित हुन योग्य मानिनेछः-

(क) नेपाली नागरिक,

(ख) २५ वर्ष उमेर पूरा भएको,

(ग) प्रचलित कानून बमोजिम अयोग्य नठहरिएको,

(घ) अध्यक्षको हकमा धर्म संस्कृति र दर्शनको क्षेत्रमा कम्तिमा ५ वर्षको कार्यानुभव रहेको,

(ङ) नमोबुद्ध क्षेत्र सञ्चालन तथा व्यवस्थापनमा प्रत्यक्ष व्यवसायिक स्वार्थ नरहेको।

५. **सदस्यको अयोग्यताः** (१) देहायको व्यक्ति अध्यक्ष वा सदस्य पदमा नियुक्ति हुन वा त्यस्तो पदमा बहाल रहन योग्य हुने छैनः-

(क) दफा (४) बमोजिमको योग्यता नभएको,

(ख) कुनै विदेशी मुलुकको स्थायी आवासीय अनुमति प्राप्त गरेको,

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

(ग) नेपाल सरकार वादी भई फौजदारी कसुरमा मुद्दा चलेको,

(घ) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचविखन तथा ओसारपसार, लागू औषध बिक्री वितरण तथा ओसार पसार, सम्पत्ति शुद्धीकरण, वन्यजन्तुको ओसारपसार, सङ्गठित अपराध, राहदानी दुरुपयोग, अपहरण सम्बन्धी कसुर वा नैतिक पतन देखिने अन्य फौजदारी कसुरमा अदालतबाट सजाय पाएको,

(ङ) प्रचलित कानून बमोजिम कालो सूचीमा रहेको।

**<u>स्पष्टीकरणः</u>** यस दफाको खण्ड (ख) को प्रयोजनको लागि "स्थायी आवासीय अनुमति" भन्नाले विदेशी मुलुकले कुनै शर्त तोकी वा नतोकी सो मुलुकमा स्थायी रुपले बसोबास गर्न पाउने गरी नेपाली नागरिकलाई उपलब्ध गराएको डाइभरसिटी इमिग्रेन्ट भिसा (डि.भि.), परमानेन्ट रेजिडेन्ट भिसा (पि.आर.) वा ग्रीन कार्ड सम्झनु पर्छ र सो शब्दले नेपाली नागरिकलाई विदेशमा स्थायी रुपमा बसोबास गर्न दिइएको जुनसुकै नामको स्थायी आवासीय अनुमतिलाई समेत जनाउँछ।

(२) प्रदेश सरकार वा मन्त्रालयबाट नियुक्त वा मनोनित सदस्य उपर उपदफा (१) बमोजिमको अयोग्यता सम्बन्धी विषय

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

प्रमाणित भएमा त्यसरी प्रमाणित भएको मितिबाट निजहरु स्वतः पदमुक्त भएको मानिनेछ।

६. **पद रिक्त हुने अवस्थाः** देहायको अवस्थामा समितिको अध्यक्ष वा सदस्यको पद रिक्त हुनेछः-

(क) आफ्नो पदबाट राजीनामा दिएमा,

(ख) दफा ३ को उपदफा (३) बमोजिमको पदावधि पूरा भएमा,

(ग) दफा ३ को उपदफा (५) बमोजिम पदबाट हटाइएमा,

(घ) दफा ५ बमोजिम अयोग्य भएमा,

(ङ) दफा ५ को उपदफा (२) बमोजिमको अवस्था सिर्जना भएमा,

(च) नमोबुद्ध क्षेत्रसँग निजी वा व्यावसायिक स्वार्थ देखिएमा,

(छ) निजको मृत्यु भएमा।

७. **समितिको काम, कर्तव्य र अधिकारः** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) धार्मिक सांस्कृतिक विकास सम्बन्धी योजना तथा कार्यक्रमहरु तयार गर्ने, स्वीकृत गर्ने र कार्यान्वयन गर्ने, गराउने,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(ख) नमोबुद्ध क्षेत्रभित्रको धर्म सम्बन्धी सामाजिक, आर्थिक, धार्मिक, साँस्कृतिक, पुरातात्त्विक वा यस्तै प्रकारका ऐतिहासिक महत्वका प्राचीन स्थान तथा वस्तुहरुको खोजी, अन्वेषण, अनुसन्धान गर्ने र त्यसको अभिलेख राख्ने,

तर यस्तो कार्य गर्दा मन्त्रालयको स्वीकृति लिनु पर्नेछ।

(ग) समिति सञ्चालन तथा व्यवस्थापन सम्बन्धी योजना तथा कार्यक्रमहरु तयार गर्ने, स्वीकृत गर्ने र कार्यान्वयन गर्ने,

(घ) नमोबुद्ध क्षेत्र संरक्षण, सम्बर्द्धन तथा विकासका लागि विदेशी सरकार, राष्ट्रिय वा अन्तराष्ट्रिय सङ्घ, संस्था वा व्यक्तिहरुसँग सम्पर्क र समन्वय गर्ने,

(ङ) समितिको वार्षिक बजेट स्वीकृत गर्ने,

(च) समितिको उद्देश्य पूर्तिको लागि आवश्यक स्रोत जुटाउने,

(छ) नमोबुद्ध क्षेत्रभित्र पर्यटकको लागि उपयुक्त हुने स्थानहरुमा पर्यटन विकासको लागि आवश्यक कार्यक्रमहरु स्वीकृत गर्ने,

(ज) नमोबुद्ध क्षेत्रभित्र कुनै स्थान विशेषको महत्व, गरिमा, मान्यता र संवेदनशीलतालाई ध्यानमा राखेर संरक्षणका लागि आवश्यक पहलकदमी लिने,

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

(झ) नमोबुद्ध क्षेत्रभित्रका प्राकृतिक एवम् पुरातात्त्विक सम्पदाहरुको संरक्षण गर्ने तथा वातावरणीय सन्तुलन कायम गर्ने र उक्त कार्यको लागि सम्बन्धित निकायहरुसँग समन्वय गर्ने,

(ञ) नमोबुद्ध क्षेत्रभित्र वरपरका स्थानहरुमा निर्माण गरिने घर, गुम्बा, चैत्य, छ्योर्तेन, म्हनी, धर्मशाला र अन्य निर्माण सम्बन्धी कार्यका लागि स्थानीय तह वा प्रदेश सरकारसँग समन्वय गरी आवश्यक मापदण्ड तोक्ने,

(ट) नमोबुद्ध क्षेत्रभित्रका कुनै पुरातात्त्विक महत्वको स्थानलाई संरक्षित स्थान घोषणा गर्न मन्त्रालय समक्ष सिफारिस गर्ने,

(ठ) नमोबुद्ध क्षेत्रभित्रका सरकारी, गैरसरकारी तथा निजी क्षेत्रबाट सञ्चालन हुने विकास निर्माणका कार्यहरु सञ्चालन गर्ने निकायहरुबिच समन्वय कायम गर्ने,

(ड) नमोबुद्ध क्षेत्रको महत्व दर्शाउन राष्ट्रिय तथा अन्तराष्ट्रियस्तरमा सभा, सम्मेलन गोष्ठी वा प्रदर्शनी आयोजना गर्ने,

(ढ) काभ्रेपलाञ्चोक जिल्ला लगायत विभिन्न जिल्लाहरुमा रहेका बौद्ध तीर्थस्थलहरुसँग समन्वय गर्ने,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(ण) नमोबुद्ध क्षेत्रले ओगटेको जग्गा तथा अन्य सम्पत्तिको संरक्षण गर्ने र त्यस्तो जग्गा तथा सम्पत्ति अतिक्रमण हुन नदिने

(त) गुम्बा, विहार, चैत्य, छ्योर्तेन, मन्दिर, मणिहरुको संरक्षण र सम्बर्द्धनको लागि सहयोग र समन्वय गर्ने,

(थ) मागमा आधारित गुम्बा, समुदायमा बौद्ध शिक्षा, सम्बोटा लिपि विकासका लागि आवश्यक कक्षा सञ्चालन गर्ने गराउने,

(द) धर्म गुरुहरुबाट नमोबुद्ध तथा अन्य समुदायमा धर्म देशना प्रवचन कार्यक्रमहरु सञ्चालन गर्ने,

(ध) समय समयमा धार्मिक, साँस्कृतिक, आध्यात्मिक महत्वका सभा, सम्मेलन, गोष्ठी वा प्रदर्शनी आयोजना गर्ने,

(न) परम्परादेखि सञ्चालन हुँदै आएको कार्तिक पूर्णिमाको मेला तथा अन्य मेलाहरूलाई अझ व्यवस्थित र संस्थागत गर्ने,

(प) धर्म, दर्शन, ध्यान र अध्ययनको लागि सरोकारवाला निकायसँग समन्वय र साझेदारी गरी कार्यक्रमहरु सञ्चालन गर्ने,

(फ) नमोबुद्ध क्षेत्रको संस्थागत विकासका लागि भैपरी आउने सबै कार्यहरु कार्यान्वयन गर्ने,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(ब) समितिको उद्देश्य पूर्तिको लागि गर्नु पर्ने तथा प्रदेश सरकारले तोकेका अन्य कार्यहरु गर्ने, गराउने,

(भ) नमोबुद्ध क्षेत्रमा प्राप्त भएका दान, दातव्य, चन्दा, भेटी, उपहारको हिसाब किताब राख्ने र अभिलेखीकरण गर्ने,

(म) वार्षिक आयव्ययको अभिलेख तन्दुरुस्त राख्ने र लेखा परीक्षण प्रतिवेदन तयार गर्ने र मन्त्रालयमा पेस गर्ने,

(य) समितिको कार्यहरु सम्बन्धी वार्षिक प्रतिवेदन तयार गर्ने र मन्त्रालयमा पेस गर्ने।

८. **समितिको बैठकः** (१) समितिको बैठक आवश्यकता अनुसार जुनसुकै बेला बस्न सक्नेछ तर कम्तीमा वर्षको चार पटक अनिवार्य हुनेछ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ र बैठक बस्ने सूचना बैठक बस्नु भन्दा कम्तीमा २४ (चौबिस) घण्टा अगावै सदस्यहरुलाई जानकारी दिनु पर्नेछ र अध्यक्षको निर्देशन अनुसार सदस्य सचिवले बैठक बोलाउने छ।

तर आकस्मिक बैठक बस्नु पर्ने अवस्था सिर्जना भएमा सूचना सम्प्रेषण अवधी २४ (चौबिस) घण्टा अनिवार्य हुने छैन।

(३) समितिको कुल सदस्य संख्याको पचास प्रतिशत सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(४) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(५) समितिको निर्णय अध्यक्ष र सदस्य-सचिवले प्रमाणित गर्नेछ।

(६) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा बैठक बस्नु पर्ने भएमा अध्यक्ष पछिको वरीयतामा रहेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

(७) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

## परिच्छेद- ३

## कार्यकारी निर्देशक सम्बन्धी व्यवस्था

९. **कार्यकारी निर्देशकः** (१) समितिको प्रशासकीय प्रमुखको काम गर्न एकजना कार्यकारी निर्देशक रहनेछ।

(२) उपदफा (१) बमोजिम कार्यकारी निर्देशक नियुक्तिको लागि समितिले पदपूर्ति समिति गठन गर्नेछ। पदपूर्ति समितिको सिफारिसमा समितिले कार्यकारी निर्देशक नियुक्त गर्नेछ र सो को जानकारी मन्त्रालयलाई गराउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम कार्यकारी निर्देशक नियुक्तिको लागि समितिले कम्तीमा पन्ध्र दिनको सार्वजनिक सूचना प्रकाशन गर्नुपर्नेछ।



आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(४) उपदफा (३) बमोजिम सूचनाका आधारमा देहाय बमोजिमको योग्यता पुगेको व्यक्तिले कार्यकारी निर्देशकको पदमा नियुक्तिका लागि निवेदन दिन सक्नेछः-

(क) २५ वर्ष उमेर पूरा भई साठी वर्ष उमेर ननाघेको,

(ख) मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातक उपाधि हासिल गरेको र धर्म संस्कृति सम्बन्धी क्षेत्रमा अनुभव हासिल गरेको,

(ग) प्रचलित कानूनबमोजिम अयोग्य नरहेको।

(५) पदपूर्ति समितिले कार्यकारी निर्देशक सिफारिस गर्ने मापदण्ड आफै निर्धारण गर्नेछ।

(६) उपदफा (२) बमोजिम नियुक्त भएको कार्यकारी निर्देशकको पदावधि दुई वर्षको हुनेछ र कार्यसम्पादन उत्तम भएमा निजलाई एक पटकका लागि पुनः नियुक्ति गर्न सकिनेछ।

(७) देहायको अवस्थामा कार्यकारी निर्देशकको पद रिक्त हुनेछः-

(घ) अध्यक्ष समक्ष लिखित राजीनामा दिएमा,

(ङ) उपदफा (६) बमोजिम पदावधि पूरा भएमा,

(च) ६० वर्ष उमेर पूरा भएमा,

(छ) उपदफा (४) बमोजिम अयोग्य भएमा,

(ज) निजको मृत्यु भएमा।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(८) कार्यकारी निर्देशकको पारिश्रमिक, सेवाका अन्य शर्त र सुविधा बागमती प्रदेश सरकारको अधिकृतस्तर सातौं तहको कर्मचारी सरह हुनेछ।

१०. **<u>कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकारः</u>** कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) समितिको योजना, वार्षिक कार्यक्रम तथा बजेट तयार गरी समिति समक्ष पेस गर्ने,

(ख) नमोबुद्ध क्षेत्रको धार्मिक, ऐतिहासिक, पुरातात्त्विक, साँस्कृतिक, वातावरणीय एवं पर्यटकीय पक्षको संरक्षण, सम्बर्द्धन, थप व्यवस्थापन, तथा बहुपक्षीय विकासका लागि योजना तर्जुमा गरी समिति समक्ष पेस गर्ने र समितिबाट स्वीकृत भए बमोजिम कार्यान्वयन गर्ने, गराउने,

(ग) समितिको चल अचल सम्पत्तिको संरक्षण गर्ने, गराउने र सोको अभिलेख अद्यावधिक गरी राख्ने,

(घ) समितिको बैठकबाट भएका निर्णयको कार्यान्वयन गर्ने, गराउने,

(ङ) समितिको प्रशासनिक तथा आर्थिक काम कारबाहीको नियन्त्रण तथा अनुगमन गर्ने,

(च) समितिको आन्तरिक तथा अन्तिम लेखा परीक्षण गर्ने, गराउने,

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

(छ) समितिबाट सञ्चालित योजना तथा कार्यक्रमको निरीक्षण, अनुगमन तथा मूल्याङ्कन गर्ने, गराउने,

(ज) समितिको वार्षिक प्रगति विवरण तयार गरी समिति समक्ष पेस गर्ने,

(झ) समितिले तोके बमोजिमका अन्य काम गर्ने, गराउने।

**११. <u>कार्यसम्पादन करार गर्नु पर्नेः</u>** (१) कार्यकारी निर्देशकले आफू नियुक्त भएको मितिले तीस दिनभित्र अध्यक्ष समक्ष कार्यसम्पादन करार गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको कार्यसम्पादन करारमा देहायका विषय उल्लेख गर्नु पर्नेछः-

(झ) कार्यकारी निर्देशकले गर्नु पर्ने कार्यको विवरण,

(ञ) निजले पेस गरेको व्यवसायिक योजनाको विवरण, धर्म, संस्कृतिको संरक्षण र प्रवर्द्धन तथा पर्यटन क्षेत्रको सुधारका लागि कार्यान्वयन गरिने योजना, रणनीति र कार्यक्रम तथा त्यसको कार्यान्वयन तालिका,

(ट) खण्ड (क) र (ख) बमोजिम निजले कार्यसम्पादन गर्दा देखिने वा प्राप्त हुने अपेक्षित प्रतिफल वा उपलब्धिको विवरण,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(ठ) खण्ड (ग) बमोजिमको प्रतिफल वा उपलब्धि मापन गर्न सकिने सूचक र त्यसको मूल्याङ्कनको संयन्त्र,

(ड) तोकिए बमोजिमका अन्य विषय।

(३) उपदफा (१) बमोजिमको कार्यसम्पादन करार अनुसार कार्यसम्पादन भए नभएको विषयमा समितिले प्रत्येक वर्षको भदौ महिनाभित्र मूल्याङ्कन गरी सोको जानकारी मन्त्रालयलाई दिनु पर्नेछ।

१२. **<u>समितिको लागि आवश्यक कर्मचारीः</u>** (१) समितिको दैनिक प्रशासनिक कार्य सञ्चालनको लागि आवश्यक कर्मचारीहरुको दरबन्दी संरचना समितिले तयार गरी मन्त्रालय समक्ष पेस गर्नेछ र मन्त्रालयले आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति लिई आवश्यकता र औचित्यताको आधारमा त्यस्तो दरबन्दी संरचना स्वीकृत गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम स्वीकृत दरबन्दी संरचना अनुरुप कर्मचारीको नियुक्तिका लागि आवश्यक विनियम समितिले आफैं तयार गरी मन्त्रालयमा पठाउनु पर्नेछ। मन्त्रालयले आर्थिक मामिला तथा योजना मन्त्रालय र आन्तरिक मामिला तथा कानून मन्त्रालयको सहमतिमा स्वीकृत गर्नेछ।

(३) उपदफा (२) बमोजिम नियुक्त गरिएको कर्मचारीको पारिश्रमिक, सेवाका अन्य शर्त र सुविधा नमोबुद्ध क्षेत्रबाट प्राप्त स्रोतका आधारमा मन्त्रालयले तोके बमोजिम हुनेछ।

## परिच्छेद- ४

## <u>समितिको कोष सम्बन्धी व्यवस्था</u>

**१३. <u>समितिको कोषः</u>** (१) समितिको एउटा छुट्टै कोष हुनेछ र कोषमा देहायका रकमहरु रहने छन्ः-

(ढ) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहबाट प्राप्त अनुदान तथा अन्य रकम,

(ण) दान, दातव्य, भेटी, चन्दा, सहायता वा पर्यटकीय शुल्क वापत प्रदान गरेको रकम,

(त) अन्तराष्ट्रिय धार्मिक सङ्घ संस्था, विदेशी सरकार वा व्यक्तिबाट प्राप्त रकम,

(थ) समितिले उपलब्ध गराएको कुनै सेवा वापत प्राप्त हुन आउने रकम,

(द) विभिन्न सङ्घ संस्थाबाट प्राप्त सहयोग रकम,

(ध) अन्य कुनै स्रोतबाट प्राप्त रकम।

(२) उपदफा (१) को खण्ड (ग) अन्तर्गतको रकम प्राप्त गर्नुअघि समितिले प्रदेश सरकार मार्फत नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ।

(३) समितिको कोषमा रहने रकम समितिले तोकेको नेपाल सरकारको स्वामित्वमा रहेको "क" वर्गको इजाजत प्राप्त कुनै वाणिज्य बैङ्कमा खाता खोली समितिको नाममा जम्मा गर्नु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

(४) समितिले प्रत्येक आर्थिक वर्षको लेखापरीक्षण गराई उपदफा (१) बमोजिमको कोषमा जम्मा भएको रकम मध्ये सोहि उपदफाको खण्ड (ख) र (घ) बमोजिमको जम्मा रकम एकिन गरी सो रकम मध्ये साठी प्रतिशत रकम समितिको कोषमा जम्मा गर्ने र चालिस प्रतिशत रकम छुट्याई उक्त चालिस प्रतिशत रकमलाई शत प्रतिशत मानी सो को साठी प्रतिशत रकम प्रदेश सञ्चित कोषमा र चालिस प्रतिशत रकम सम्बन्धित स्थानीय तहको सञ्चितकोषमा दाखिला गर्नु पर्नेछ।

(५) उपदफा (१) बमोजिमको समितिको कोषबाट रकम खर्च गर्दा स्वीकृत बजेट बमोजिम गर्नु पर्नेछ।

(६) कुनै कारणले समितिको विघटन भएमा नमोबुद्ध क्षेत्रको सम्पूर्ण चल अचल सम्पत्ति बागमती प्रदेश सरकारको हुनेछ।

१४. **<u>कोषको सञ्चालनः</u>** (१) समितिको खाता सदस्य-सचिव र समितिको लेखा हेर्ने कर्मचारीको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ।

(२) समितिको लागि आवश्यक पर्ने सम्पूर्ण खर्च दफा १३ बमोजिमको कोषबाट व्यहोरिने छ।

(३) समितिको कोष सञ्चालन सम्बन्धी अन्य व्यवस्था समितिले निर्धारण गरे बमोजिम हुनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

१५. **लेखा र लेखापरीक्षणः** (१) समितिको आय व्ययको लेखा प्रदेश सरकारले अपनाएको लेखा प्रणाली अनुरुपको ढाँचामा राख्नु पर्नेछ।

(२) समितिले प्रदेश सरकारले अपनाए बमोजिमको आन्तरिक नियन्त्रण प्रणाली कायम गर्नु पर्नेछ।

(३) समितिको लेखा परीक्षण नेपाल सरकार वा प्रदेश सरकारबाट मान्यता प्राप्त संस्था वा लेखापरीक्षण अधिकारीबाट गराउनु पर्नेछ।

(४) मन्त्रालयले समितिको आय व्ययको लेखा, तत्सम्बन्धी कागजात र नगदी वा जिन्सीको विवरण जुनसुकै बखत जाँच्न वा जाँच्न लगाउन सक्नेछ।

## परिच्छेद- ५
## विविध

१६. **नियम बनाउन सक्नेः** समितिले यस आदेशको उद्देश्य पूर्तिका लागि आवश्यक नियमहरु बनाउन सक्नेछ र मन्त्रालयबाट स्वीकृत भएपछि मात्र त्यस्तो नियमहरु लागू हुनेछन्।

१७. **उपसमिति वा कार्य टोली गठन गर्न सक्नेः** (१) समितिले यस आदेश बमोजिम आफूले गर्नु पर्ने काम गर्न, गराउनको निमित्त आवश्यकता अनुसार उपसमिति वा कार्य टोली गठन गर्न सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(२) उपदफा (१) बमोजिम गठन हुने उपसमिति वा कार्य टोलीहरुको काम, कर्तव्य, अधिकार समितिले तोके बमोजिम हुनेछ।

१८. **संरक्षकः** मन्त्रालयको मन्त्री समितिको संरक्षक रहनेछ।

१९. **सल्लाहकारः** समितिमा देहाय बमोजिमका सल्लाहकारहरु रहने छन्ः-

(क) प्रतिनिधि सभा सदस्य सम्बन्धित निर्वाचन क्षेत्र, काभ्रेपलाञ्चोक,

(ख) प्रदेश सभा सदस्य सम्बन्धित निर्वाचन क्षेत्र, काभ्रेपलाञ्चोक,

(ग) नमोबुद्ध नगर प्रमुख,

(घ) पनौती नगर प्रमुख,

(ङ) धुलिखेल नगर प्रमुख,

(च) ठाङ्गु टाशी छ्योईलिङ गुम्बा, प्रमुख वा प्रतिनिधि,

(छ) प्रदेश सचिव मन्त्रालय।

२०. **अधिकार प्रत्यायोजनः** समितिले आफूलाई प्राप्त अधिकार मध्ये केही वा सबै अधिकार आवश्यकता अनुसार अध्यक्ष, सदस्य, कार्यकारी निर्देशक वा समितिको कुनै अधिकृतस्तरको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

२१. **प्रदेश सरकारसँग सम्पर्कः** समितिले प्रदेश सरकारसँग सम्पर्क राख्दा मन्त्रालय मार्फत राख्नु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

२२. **<u>बैठक भत्ता तथा अन्य सुविधाः</u>** समितिको सदस्यले समितिको बैठकमा भाग लिए बापत प्राप्त गर्ने बैठक भत्ता सम्बन्धी व्यवस्था प्रदेश सार्वजनिक खर्चको मापदण्ड बमोजिम हुनेछ।

२३. **<u>सहमति लिनु पर्नेः</u>** समितिले प्रदेश सरकारलाई आर्थिक व्ययभार पर्ने गरी कुनै निर्णय गर्दा वा कार्यकारी निर्देशक तथा समितिका कर्मचारीहरुको सेवा सुविधा निर्धारण गर्दा मन्त्रालय र आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति लिनु पर्नेछ।

२४. **<u>समितिको कार्यालयः</u>** समितिको मुख्य कार्यालय नमोबुद्ध न.पा. वडा नं. १ नमोबुद्धमा रहनेछ र आवश्यकता अनुसार अन्य स्थानमा पनि सम्पर्क कार्यालय रहन सक्नेछ।

२५. **<u>मन्त्रालयले प्रस्ताव पेस गर्नेः</u>** यस गठन आदेशमा उल्लेख भए बमोजिम प्रदेश सरकारले गर्ने निर्णयका लागि मन्त्रालयले प्रस्ताव पेस गर्नेछ।

२६. **<u>प्रतिवेदन पेस गर्नुपर्नेः</u>** (१) समितिले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र आफूले सम्पादन गरेको कामको प्रतिवेदन मन्त्रालयमा पेस गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा देहायको विवरण उल्लेख गर्नु पर्नेछ।

(न) समितिबाट एक आर्थिक वर्षभित्र सम्पादन भएका कामको संक्षिप्त विवरण,

(ऩ) नीति, योजना र कार्यक्रमको कार्यान्वयनको स्थिति र उपलब्धि,

(प) आम्दानी र खर्च,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(फ) लेखा परीक्षकको प्रतिवेदनमा उल्लिखित संक्षिप्त व्यहोरा,

(ब) काम कारबाही गर्दा देखिएका मुख्य मुख्य समस्या तथा त्यस्ता समस्या समाधानको लागि गरिएका प्रयास,

(भ) आगामी योजना तथा कार्यक्रम,

(म) तोकिए बमोजिमको अन्य विवरण।

२७. **निर्देशन दिन सक्नेः** (१) मन्त्रालयले समितिद्वारा गरिने काम कारबाहीको सम्बन्धमा समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशनको पालना गर्नु समितिको कर्तव्य हुनेछ।

२८. **संशोधन तथा खारेजीः** यो आदेश प्रदेश सरकारले आवश्कता अनुसार संशोधन तथा खारेजी गर्न सक्नेछ।

२९. **छाप र लोगोः** समितिले आफ्नो छाप र लोगो आफैंले निर्धारण गर्न सक्नेछ।

३०. **समितिको विघटनः** समितिले अपेक्षित उपलब्धि हासिल गर्न नसकेमा प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी जुनसुकै बखत समिति विघटन गर्न सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश